# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## केन्द्रीय कार्यालय,बबरमहल, काठमाडौं

**फोन नं.०१-४१११८९५/५३२०९१३/५९०९६१२**

**सवारी साधन (टोयोटा जिप) बिक्रीका लागि सिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वानको सूचना**

**(दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०१/०४ गते)**

१. यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, बबरमहल, काठमाडौंमा रहेको सवारी साधन (टोयोटा जिप) जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा स्क्याप मूल्यमा बिक्री गर्नुपर्ने भएको हुँदा सकार गर्न चाहने ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट देहायको समयावधि भित्र सवारी साधन रहेको यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न आह्वान गरिएको छ ।

| संख्या | मोडल | नम्बर | बनेको साल (ईस्वी सम्बत) | प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय | प्रस्ताव खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|
| १ | Japanese Toyota Jeep | ब ३ च ९२९६ | १९९७ | २०८१ बैशाख २० गते, बिहीबार समय: दिउँसो ३ बजेभित्र । | २०८१ बैशाख २० गते, बेलुका ४ बजे, वित्तीय संस्थाको केन्द्रीय कार्यालय बबरमहल काठमाडौं |

२. सिलबन्दी दरभाउपत्र प्रस्ताव एक प्रतिको रु.१०००/-(अक्षरुपी एक हजार मात्र, फिर्ता नहुने गरी) का दरले यस वित्तीय संस्थाको प्रभु बैंक लि. टेकुमा रहेको खाता नं.११४००७२८५०२०००३५ (Miscellaneous Income) मा जम्मा गरेको सक्कल भौचर पेश गरी यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, बबरमहल, काठमाडौंबाट मिति २०८१ बैशाख १८ गते, बेलुका ५ बजेभित्र खरिद गर्न सकिनेछ ।

३. प्रस्तावदाताले धरौटी वापत आफूले सकार गरेको मूल्यको दश प्रतिशतले हुने रकम यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा जारी भएको, सिलबन्दी दरभाउपत्र प्रस्ताव खोलिने मितिबाट कम्तिमा दुई महिना मान्य अवधि भएको बैंक जमानतको सक्कल प्रति वा यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रभु बैंक लि. कोटेश्वरमा रहेको खाता नं.०१७००१७८०२५०००३६ मा नगद जम्मा गरेको बैंक भौचरको सक्कल प्रति सिलबन्दी दरभाउपत्र प्रस्तावका साथै पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय भन्दा एक घण्टा पछि, उपस्थित हुन चाहने प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा केन्द्रीय कार्यालयमा उक्त प्रस्ताव खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५. प्रस्तावको मूल्याङ्कन गर्दा सबैभन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

६. बिक्री गरिने सवारी साधनको अवस्था तथा अन्य विस्तृत विवरण सम्बन्धमा प्रस्तावदाताले हेर्न वा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र केन्द्रीय कार्यालयमा हेर्न वा बुझ्न हेर्न सकिनेछ ।

७. सिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वान पूर्ण वा आंशिक रुपमा खारेज गर्ने अधिकार वित्तीय संस्थामा निहित रहनेछ ।